आज मिति २०८१ साल माघ महिनाको २३ गतेका दिन बिहान ८.३० बजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री टिकाराम पाण्डे

उपाध्यक्ष- श्री निरमाया तरामु

सदस्य- श्री अर्जुन कनौजे

सदस्य- श्री खड्गविर थापा

सदस्य- श्री जित वहादुर तरामु

सदस्य- श्री पिताम्वर ज्ञवाली

सदस्य- श्री बाबुराम ज्ञवाली

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकवहादुर बुढाथोकी

सदस्य- श्री होस वहादुर राना

सदस्य- श्री पतिराम वि.क.

सदस्य- श्री झना परियार

सदस्य- श्री माया कुमारी वि.क.

सदस्य- श्री सृजना कुमाल

सदस्य- श्री कमला पचभैया काउचा

सदस्य- श्री टोपली राना

सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रित:

श्री नेत्र प्रसाद पाण्डे, प्रशासन शाखा ।

श्री लोगराज गिरी, भण्डार शाखा।

श्री विष्णु प्रसाद ज्ञवाली, आ. वे. प. शाखा

श्री कविता गौतम ज्ञवाली लेखा शाखा प्रमुख

श्री सुमित पाण्डे सू.प्र.अ.

## बैठक संख्या: ८ मिति २०८१/१०/२३ गतेका प्रस्तावहरु

प्रस्ताव नं.१- अघिल्लो बैठकको समीक्षा सम्वन्धमा।

प्रस्ताव नं.२- विषयगत समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.३- प्रदेश समपुरक योजना छनोट गर्ने सम्बन्धमा।

प्रस्ताव नं.४- व्यवसाय दर्ता विधेयक २०८१, प्राइभेट फर्म दर्ता गर्न वनेको विधेयक २०८१, संस्था दर्ता सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०८१ र स्वास्थ्य तथा सरसफाई विधेयक २०८१ पारित गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.५- संघीय समपुरक योजना छनोट गर्ने सम्बन्धमा।

प्रस्ताव नं.६- संघीय विशेष योजना छनोट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७- योजना/आयोजना बैंक सम्बन्धमा।

प्रस्ताव नं.८- विनियोजन ऐन, २०८१ संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.९- आ.व. २०८१/०८२ को वजेट (आय व्यय विवरण) संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.१०-रकम रकमान्तर गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.११- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनको परिणाम अनुमोदन गरी अन्तिम नतिजा प्रकाशन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.१२- क्रिकेट खेलमा सहभागी खर्च रकम भुक्तानी दिने सम्वन्धमा ।

प्रस्ताव नं.१३- स्थानीय विदा दिने सम्वन्धमा ।

प्रस्ताव नं. १४- जुनियाँ खानेपानी आयोजनाको म्याद थप गर्ने सम्वन्धमा।

CamScanner

बैठक संख्याः ८ मिति २०८१/१०/२३ गतेका निर्णयहरु

निर्णय नं. १-प्रस्ताव नं.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा छलफल गर्दा मिति २०८१/०९/१० गतेको बैठकमा भएका निर्णयहरुको बारेमा समीक्षा गरियो ।

निर्णय नं. २- प्रस्ताव नं.२ विषयगत समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा छलफल गर्दा कार्यपालिका र गाउँसभाद्वारा गठित समितिहरुले प्रस्तुत गरेको अर्धवार्षिक प्रतिवेदनहरुलाई पारित गरी स्वीकृतिका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३-प्रस्ताव नं.३ प्रदेश समपुरक योजना छनोट गर्ने सम्वन्धमा छलफल गर्दा गरेका निम्नानुसारका योजना छनोट गर्ने निर्णय गरियो ।

प्रदेश समपुरकतर्फका योजना/आयोजनाहरु

| क.सं | योजना/आयोजना को नाम | प्रमुख क्षेत्रहरु | आयोजना वा कार्यक्रम प्रस्तावका क्षेत्रहरु | आ.व. २०८२/०८३ विनियोजित रकम | आ.व. २०८३/०८४ माग गर्ने | आ.व. २०८४/०८५ माग गर्ने | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | चोरकाटे-चिदीपानी-जुनिया मोटर बाटो निर्माण तथा स्तरोन्नति वडा नं ७ | सडक पूर्वाधार | सडक सुविधाबाट बन्चित रहेका क्षेत्र वा समुदायमा सडक सुबिधा पुर्याउनका लागि सञ्चालन गरिने सडक आयोजना | २ करोड ५० लाख | २ करोड ५० लाख | २ करोड | ७ करोड | |
| २. | गुलुम्दी -चेहेमी-थुम्का मोटर बाटो निर्माण तथा स्तरोन्नति वडा नं २ | सडक पूर्वाधार | सडक सुविधाबाट बन्चित रहेका क्षेत्र वा समुदायमा सडक सुबिधा पुर्याउनका लागि सञ्चालन गरिने सडक आयोजना | २ करोड ५० लाख | २ करोड ५० लाख | २ करोड | ७ करोड | |

आवश्यकता तथा औचित्यः

१. उक्त सडक खण्ड अन्तर्गत सडक निर्माण गर्दा यस गाउँपालिका वडा नं. ७ वडा कार्यालयका सेवाग्राहीहरु गाउँपालिकामा सेवा लिन आउन सहज हुने, किसानका उत्पादित सामग्रीहरु ,

बजारसम्म लैजान सहज हुने, रोजगारी सृजना हुने, जनताको आयस्तर र गरिबी निवारणमा सहयोग पुग्ने ।

२. उक्त सडक खण्ड अन्तर्गत सडक निर्माण गर्दा यस गाउँपालिका वडा नं. २ का सेवाग्राहीहरु गाउँपालिकामा सेवा लिन आउन सहज हुने, लक्ष्मीपुर मा.वि तथा चेहेमी आधारभुत सेवा केन्द्र सम्म आवतजावत गर्न सहज हुने साथै किसानका उत्पादित सामग्रीहरु बजारसम्म लैजान सहज हुने, रोजगारी सृजना हुने, जनताको आयस्तर र गरिबी निवारणमा सहयोग पुग्ने तथा यो सडक विस्तार गरी वडा नं. २ र वडा नं. ३ का जनताहरु छिटो आवत जावत गर्न सकिने छोटो सडक मार्गको रुपमा विस्तार गर्न सकिने ।

निर्णय नं. ४-प्रस्ताव नं.४ व्यवसाय दर्ता विधेयक २०८१, प्राइभेट फर्म दर्ता गर्न बनेको विधेयक २०८१, संस्था दर्ता सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ र स्वास्थ्य तथा सरसफाई विधेयक २०८१ पारित गर्ने सम्वन्धमा छलफल गर्दा माथि उल्लेख गरेका विधेयक माथि दफावार छलफल गरी पारित गरी स्वीकृतिका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५-प्रस्ताव नं.५ संघीय समपुरक योजना छनोट गर्ने सम्वन्धमा छलफल गर्दा आ.०८२/०८३ का लागि निम्नानुसारका योजना छनोट गर्ने निर्णय गरियो ।

संघीय समपुरकतर्फका योजना/आयोजनाहरु

| क्र.सं. | योजना/आयोजना को नाम | प्रमुख क्षेत्रहरु | आयोजना वा कार्यक्रम प्रस्तावका क्षेत्रहरु | आ.व. २०८१/०८२ विनियोजित रकम | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रुद्रवेणी-अस्लेवा-ठूलोलुम्पेक सडक निर्माण तथा स्तरोन्नति | सडक पूर्वाधार | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, सेवाकेन्द्र र बजार जोड्ने स्थानीय सडक, पर्यटकीय सडक | १ करोड ३० लाख | ५ करोड | ३ करोड ७० लाख | | १० करोड | क्रमागत |
| २ | साहघाट-लिम्घा-सत्यवती सडक निर्माण तथा स्तोरन्नति | सडक पूर्वाधार | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, सेवाकेन्द्र र वजार जोड्ने | - | २ करोड ५० लाख | २ करोड ५० लाख | २ करोड | ७ करोड | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानीय सडक<br>पर्यटकीय सडक | | | | | | |
| ३ | [illegible] सत्यवती मा.वि. हँसरा [illegible] स्तरोन्नति | सडक पूर्वाधार | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, सेवाकेन्द्र र बजार जोड्ने स्थानीय सडक | | [illegible] करोड ५० लाख | [illegible] करोड ५० लाख | [illegible] करोड | [illegible] करोड | |

आवश्यकता तथा औचित्य.

१. उक्त सडक खण्ड अन्तर्गत सडक निर्माण गर्दा यस गाउँपालिका वडा नं. १,२,३ वडा कार्यालयका सेवाग्राहीहरु गाउँपालिकामा सेवा लिन आउन सहज हुने, किसानका उत्पादित सामग्रीहरु वजारसम्म लैजान सहज हुने, रोजगारी सृजना हुने, जनताको आयस्तर र गरिवी निवारणमा सहयोग पुग्ने तथा पर्यटकीय १०० गन्तव्यमध्ये एक ठाउँ रहेको ।

२. उक्त सडक खण्ड अन्तर्गत सडक निर्माण गर्दा यस गाउँपालिका वडा नं. ४ का सेवाग्राहीहरु गाउँपालिकामा सेवा लिन आउन सहज हुने, वडा नं. ४ लिम्घा स्वास्थ्य चौकीसम्म आवतजावत गर्न सहज हुने साथै किसानका उत्पादित सामग्रीहरु वजारसम्म लैजान सहज हुने, रोजगारी सृजना हुने, जनताको आयस्तर र गरिवी निवारणमा सहयोग पुग्ने तथा पर्यटकीय १०० गन्तव्यमध्ये एक ठाउँ रहेको ।

३. उक्त सडक खण्ड अन्तर्गत सडक निर्माण गर्दा यस गाउँपालिका वडा नं. ५ का सेवाग्राहीहरु गाउँपालिकामा सेवा लिन आउन सहज हुने, सत्यवती मा.वि. तथा हंसरा स्वास्थ्य चौकीसम्म आवतजावत गर्न सहज हुने साथै किसानका उत्पादित सामग्रीहरु वजारसम्म लैजान सहज हुने, रोजगारी सृजना हुने, जनताको आयस्तर र गरिवी निवारणमा सहयोग पुग्ने।

- निर्णय नं. ६-प्रस्ताव नं.६ संघीय विशेष योजना छनोट गर्ने सम्बन्धमा छलफल गर्दा निम्नानुसारका योजना छनोट गर्ने निर्णय गरियो ।

संघीय विशेषतर्फका योजना/आयोजनाहरु

| क्र. सं. | योजना/आयोजना को नाम | प्रमुख क्षेत्रहरु | आयोजना वा कार्यक्रम प्रस्तावका क्षेत्रहरु | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | जोहाङ्ग रंजित प्रसाद लालचन | विपद जोखिम न्यूनीकरण तथा | नेपाल सरकार र प्रदेश सरकारका | २ करोड | १ करोड | - | ३ करोड |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मा.वि. भवन तथा अन्य पूर्वाधार निर्माण-६ | नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रममा नसमेटिएका विपदबाट क्षतिग्रस्त सार्वाजनिक पूर्वाधार पुन निर्माण | कार्यक्रममा नसमेटिएका विपदबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुन निर्माण | | | | |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र चोकदेखि नेटा जोहाङ्ग मो.वा. स्तरोन्नति-वडा नं. ६,५ | विपद जोखिम न्यूनीकरण तथा नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रमा नसमेटिएका विपदवाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुन निर्माण | नेपाल सरकार र प्रदेश सरकारका कार्यक्रममा नसमेटिएका विपदवाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुन निर्माण | १ कोरड | १ करोड | १ करोड | ३ करोड |
| ३ | मध्य सत्यवती लोकमार्ग स्तरोन्नति १,२ | विपद जोखम न्यूनीकरण तथा नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रमा नसमेटिएका विपदवाट क्षतिग्रस्त सार्वाजनिक पूर्वाधार पुन निर्माण | नेपाल सरकार र प्रदेश सरकारका कार्यक्रममा नसमेटिएका विपदवाट क्षतिग्रस्त सार्वाजनिक पूर्वाधार पुन निर्माण | १ करोड | १ करोड | १ करोड | ३ करोड |

आवश्यकता तथा औचित्यः

१. जोहाङ्ग रंजित प्रसाद लालचन मा.वि. भवन निर्माण-६ को हाल सञ्चालनमा रहेको भवनहरु भूकम्पबाट चर्किएका, भत्किएका तथा जीर्ण रहेको हुँदा पठनपाठन गर्न असहज भएकोले उक्त भवन निर्माण गर्न आवश्यक रहेको,

२. प्राथमिक स्वास्थ्य केन्द्र चोकदेखि नेटा जोहाङ्ग हुँदै वडा नं. ७ र ८ सम्म पुग्ने उक्त सडक खण्डको विभिन्न स्थानमा पहिरो गई क्षतिग्रस्त भएको हुँदा उक्त सडकखण्ड निर्माण गरी सहजढङ्गले वडा नं. ५, ६, ७ र ८ सम्म आवतजावत गर्न आवश्यक रहेको,

३. वडा नं. १ र २ अन्तर्गतका विभिन्न स्थानहरुमा पहिरो गई क्षतिग्रस्त भएको हुँदा उक्त सडकखण्ड निर्माण गरी वडा नं. १, २, ४, ५ र ६ सम्म सहजढङ्गले आवतजावत गर्न आवश्यक रहेको।

निर्णय नं.७-प्रस्ताव नं.७ योजना/आयोजना वैंक सम्वन्धमा छलफल गर्दा निम्नानुसार योजना/आयोजना वैंक तयार गर्ने निर्णय गरियो ।

| क.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | कै |
|---|---|---|---|
| १ | सत्यवती क्षेत्र पर्यटन पूर्वाधार | सत्यवती-३,४ | |
| २ | कालिगण्डकीको साँधुरेमा ड्याम निर्माण गरी ताल निर्माण | सत्यवती -१ | |
| ३ | खैरेनी जोहाङ्ग भार्से देउराली मो.वा. स्तरोन्नति | सत्यवती-६,७,८ | |
| ४ | सत्यवती गा.पा.को प्रशासकीय भवन निर्माण | सत्यवती -६ | |
| ५ | राम मन्दिर, ठूलावगर, हुक्कायो सेती नाग, हचिङ्कोट, हिलेसिद्ध, सत्यवती क्षेत्र, भार्से स्तुपा, अर्कुल दरवार, ढड्यान गुफा पर्यटकीय सर्किट | सत्यवती-१,२,३,४,५,८ | |
| ६ | मचाकोट सिंचाई योजना | सत्यवती -१ | |
| ७ | अक्षेवा चौर सिंचाई कुलो निर्माण | सत्यवती-१ | |
| ८ | ठुलावगर रामवारी मो.वा.स्तरोन्नति | सत्यवती -१ | |
| ९ | चेहेमी सिंचाई कुलो निर्माण | सत्यवती-२ | |
| १० | पाहाँदी सिंचाई कुलो निर्माण | सत्यवती-२ | |
| ११ | ढुस खास्टुङ्ग पर्यटकीय मार्ग निर्माण | सत्यवती-२ | |
| १२ | हचिङ्कोट दरवार क्षेत्र पर्यटन विकास | सत्यवती-३ | |
| १३ | सहिद स्मृती खेल मैदान तथा कभर्ड हल निर्माण | सत्यवती-३ | |
| १४ | ओखर भञ्ज्याङ्ग हिले सडक स्तरोन्नति | सत्यवती-३ | |
| १५ | साहाघट-लिम्घा मो.वा. स्तरोन्नति | सत्यवती-४ | |
| १६ | तर्दिखोला खोरडाँडा सिंचाईकुलो निर्माण | सत्यवती-४ | |
| १७ | काफलडाँडा खानेपानी निर्माण योजना | सत्यवती-४ | |
| १८ | रघेवा सिंचाई योजना | सत्यवती-५ | |
| १९ | हँसरा-पम्फुका मो.वा. स्तरोन्नति | सत्यवती-५ | |
| २० | खैरेनी रगेवा मो.वा.स्तरोन्नति | सत्यवती-५ | |
| २१ | उल्लीखोला-लप्रादी-वाँसपाटा हुँदै जोहाङ्ग फुर्लुङ्ग मो.वा. स्तरोन्नति | सत्यवती-६ | |
| २२ | प्राथमिक स्वास्थ्य केन्द्रदेखि नेटाहुँदै जोहाङ्ग मो.वा. स्तरोन्नति | सत्यवती-६ | |
| २३ | भुल्के घुल्टुङ्ग लप्रादी सिंचाई योजना | सत्यवती-६ | |
| २४ | जुनियाँ मा.वि.वोटानिकल गार्डेन | सत्यवती-७ | |
| २५ | चिदीपानी मा.वि. घेरावार तथा भवन निर्माण | सत्यवती-७ | |
| २६ | सत्यवती-चन्द्रकोट मो.वा. पक्की पुल निर्माण | सत्यवती-७ | |
| २७ | ठूलो पोखरी-चम्ला ग़ैरा दवुङ्ग मो.वा. स्तरोन्नति | सत्यवती-८ | |
| २८ | देउराली-पैयापाटा-लामपाटा मो.वा. स्तरोन्नति | सत्यवती-८ | |
| २९ | वौद्ध स्तुपा पर्यटन पूर्वाधार निर्माण | सत्यवती-८ | |

निर्णय नं. ८-प्रस्ताव नं. ८ विनियोजन ऐन, २०८१ संशोधन सम्बन्धमा छलफल गर्दा पन्ध्रौ गाउँसभाबाट स्वीकृत विनियोजन ऐन, २०८१ निम्नानुसार संशोधन गरी स्वीकृतिका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

सत्यवती गाउँपालिका, गुल्मीको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

प्रस्तावनाः सत्यवती गाउँपालिका, गुल्मी २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सत्यवती गाउँपालिका, गुल्मीको गाउँ सभाले यो विधेयक बनाएको छ ।

४. संक्षिप्त नाम र प्रारम्भ :

(३) यस विधेयकको नाम "सत्यवती गाउँपालिका, गुल्मीको विनियोजन विधेयक-२०८१" रहेको छ ।

(४) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

५. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(२) आर्थिक वर्ष २०८१/०८२को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५६,२७,४०,०८३.३४ (अक्षरुपी रुपैयाँ छपन्न करोड सत्ताइस लाख चालिस हजार त्रियासी रुपैयाँ ३४ पैसा मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

६. विनियोजन :

(३) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२को निमित्त सत्यवती गाउँपालिका, गुल्मीको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा वढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

CamScanner

निर्णय नं. ९-प्रस्ताव नं.९ आ.व. २०८१/०८२ को बजेट (आय व्यय विवरण) संशोधन सम्बन्धमा छलफल गर्दा पन्धौ गाउँसभाबाट स्वीकृत बजेट (आय व्यय विवरण) निम्नानुसार संशोधन गरी स्वीकृतिका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।।

आर्थिक वर्ष २०८१/०८२ हिउँदे सभामा अल्या रकमबाट थप योजनाहरु

| सि.न. | विवरण | २०८१।०८२ | अक्षरमा |
|---|---|---|---|
| १ | टुलाबगर- रामबारी- लुम्पेक- देउराली-कुटँडाँडा मोटरबाटो स्तोन्नति | ६७०००० | छ लाख सत्तरी हजार |
| २ | जुनिया खानेपानी आयोजना | ३३००००० | तेत्तीस-लाख |
| ३ | जुनिया स्वास्थ्य चौकी भवन निर्माण | ८२००००० | बयासी लाख |
| ४ | कभर्डहल निर्माण खैरेनी | १३००००० | तेह्र लाख |
| ५ | साहाघाट लिम्घा मोटरबाटो | २०००००० | विस लाख |
| ६ | ढ्वागा मोटरबाटो तथा मचाकोट नाली निर्माण | २५५००० | दुई लाख पचपन्न हजार |
| ७ | नव्वे चिदी बुलबुले सिचाई कुलो निर्माण | २५०००० | दुई लाख पचास हजार |
| ८ | सडक बोर्ड सहभागिता रकम | ८७०००० | आठ लाख सत्तरी हजार |
| ९ | सरसस्वती मा.वि. प्राविधिक धार व्यवस्थापन अनुदान | ७००००० | सात लाख |
| १० | प्रा.स्वा. केन्द्रको एम्बुलेन्स बिमा रकम भुक्तानी | १५७००० | एक लाख सन्ताउन्न हज[illegible] |
| ११ | विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यक्रम | १४९५८३.३४ | एक लाख उनान्पचास हजार पाँच सय त्रियसी रु ३४ पैसा |
| १२ | वडा सम्पर्क कार्यालय भवन निर्माण वडा नं. ८ | ५५०००० | पाँच लाख पचास हजार |
| १३ | जुनिया मा. वि. ट्रस निर्माण | ३५०००० | तीन लाख पचास हजार |
| १४ | दुइपाग्रे सवारी साधन खरिद | ३५०००० | तीन लाख पचास हजार |
| १५ | आम्दामा सुत्केरी भई मृत्यु भएकी भवानी राज्कोटीको बच्चाको पालनपोषण खर्च | २००००० | दुई लाख |
| १६ | देउराली डाँडा पम्फुका पदमार्ग निर्माण | २००००० | दुई लाख |
| १७ | बुढीसत्यवती खा.पा. डिलिङ्ग | १२३०००० | बाह्र लाख तीस हजार |
| १८ | तारजाली तथा ह्युम पाईप खरिद | १०००००० | दश लाख |
| १९ | निर्माणाधिन कोशेली घर निर्माण हाटबजार | १०००००० | दश लाख |
| २० | ढुङ्गा, गिट्टी तथा बालुवाको ऱ्ङ्कङ्क | ५००००० | पाँच लाख |
| २१ | गाउँपालिकाको कार्यालयमा एसी जडान | १०००००.०० | दश लाख |
| | जम्मा | २४२३१५८३.३४ | |

निर्णय नं. १०-प्रस्ताव नं.१० रकम रकमान्तर गर्ने सम्बन्धमा छलफल गर्दा पन्ध्रौ गाउँसभाबाट स्वीकृत योजना /आयोजना तथा कार्यक्रमहरु निम्नानुसार संशोधन गरी स्वीकृतिका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

### योजना /आयोजना तथा कार्यक्रमहरुको संशोधन (गाउँपालिकास्तरीय)

| क्र.सं. | साबिक शीर्षक | साबिक रकम रु. | क्र.सं. | कायम हुनु पर्ने शीर्षक | कायम हुनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|
| १ | महिला स्वा.स्व.से. अवलोकन भ्रमण<br>( स्वास्थ्य शाखा) | ३ लाख | १ | १.महिला स्वा.स्व.से. स्वास्थ्य बिमा<br><br>२.महिला स्वा.स्व.से. अवलोकन भ्रमण | १ लाख ६० हजार<br><br>१ लाख ४० हजार |
| २ | सरस्वती मा.वि. प्राविधिक धार व्यवस्थापन अनुदान (पुँजीगत)<br>(वडा नं ६) | ७ लाख | २ | १.कभर्ड हल निर्माण खैरेनी | ७ लाख |
| ३ | पशु बिमा गर्दा लाग्ने प्रिमियम रकममा ५० % अनुदान कार्यक्रम<br>( पशु शाखा ) | २ लाख | ३ | १. पहिलो वेत ब्याउने गाईको लागि प्रति गाई रु १००००।०० प्रोत्साहन कार्यक्रम<br><br>२.उत्पादनमा आधारित अनुदान कार्यक्रम | १ लाख<br><br>१ लाख |
| ४ | गाउपालिकास्तरीय वाल क्लव गठन कार्यक्रम | १ लाख | ४ | १.गाउपालिकास्तरीय वाल क्लव गठन कार्यक्रम<br><br>२.उद्यमी महिला जीवनी फेलोसिप लेखन कार्यक्रम | ५० हजार<br><br>५० हजार |
| ५ | महिला र किशोरीमाथि हुने हिंसा तथा साइवर अपराध सम्वन्धी सचेतना तथा सार्वजनिक स्थलमा होर्डिङ्गवोर्ड राख्ने कार्यक्रम | १ लाख | ५ | १.महिला र किशोरीमाथि हुने हिंसा तथा साइवर अपराध सम्वन्धी सचेतना तथा सार्वजनिक स्थलमा होर्डिङ्गवोर्ड राख्ने कार्यक्रम<br><br>२.हरितालिका तीज | ५० हजार<br><br>५० हजार |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | ३१ हजार ६ सय | ६ | गीत गंगानो<br>१.अन्तर्राष्ट्रिय नारी दिवस गा.पा. स्तरीय | ३१ हजार ६ सय | |

**योजना /आयोजना तथा कार्यक्रमहरुको संशोधन (वडास्तरीय)**

| क.सं. | साविक शीर्षक | साविक रकम रु. | वडा | क.सं. | कायम हुनु पर्ने शीर्षक | कायम हुनु पर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अक्षेवा सडक वत्ती जडान सामग्री खरिद तथा एकिकृत वस्ती खानेपानी व्यवस्थापन | १ लाख | १ | १ | १.अक्षेवा सडक वत्ती जडान सामग्री खरिद<br>२.एकीकृत वस्ती खानेपानी व्यवस्थापन | ५० हजार<br>५० हजार | |
| २ | सिङ्गदी कभर्डहल निर्माण | १ लाख ५० हजार | ३ | २ | १.सिङ्गदी कभर्ड हल सामग्री खरिद तथा व्यवस्थापन | १ लाख ५० हजार | |
| ३ | स्वामी मिश्रित समूह ट्रस तथा कोठा निर्माण | ३ लाख | ३ | ३ | १.स्वामी मिश्रित समूह भवन निर्माण | ३ लाख | |
| ४ | नेटा चौपारीमुनी सपोर्ट वाल निर्माण | १ लाख | ५ | ४ | १.नमदेश्वर ढड्यान गुफा छत ढलान | १ लाख | |
| ५ | खैरेनी खोरपाटा मोटर वाटो | ८ लाख | ५ | ५ | १.खैरेनी खोरपाटा मो.वा.<br>२.नमदेश्वर ढड्यान गुफा छत ढलान | ७ लाख<br>१ लाख | |
| ६ | धाराको कुलो निर्माण | १ लाख | ५ | ६ | १.कुमालडाँडा मो.वा. ढलान | १ लाख | |
| ७ | धुसेनी आ.वि. ट्रस निर्माण | १ लाख | २ | ७ | १.धुसेनी आ.वि. रङरोगन<br>२.भित्तेलेखन तथा ह्वाइट वोर्ड खरिद | ६० हजार<br>४० हजार | |
| ८ | वाउन्नमुरी सिंचाई कुलो वाध निर्माण योजना | ४ लाख | २ | ८ | १.वाउन्नमुरी सिंचाई कुलो निर्माण योजना | ४ लाख | |

निर्णय नं. ११- प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस कार्यालयवाट आ.व. ०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनका कागजातहरु पोर्टलमा अपलोड गरी जिल्ला समन्वय समितिको कार्यालय, गुल्मीमा पठाईएकोमा निम्नानुसारको अन्तिम नतिजा प्राप्त भएकोले सो नतिजालाई अनुमोदन गरी प्रकाशन गर्ने निर्णय गरियो ।

CamScanner

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा

| क.स. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सूचक क्षेत्र नं.१ : शासकीय प्रवन्ध | ९ | ९ |
| २ | सूचक क्षेत्र नं.२ : सङ्गठन तथा प्रशासन | ८ | ८ |
| ३ | सूचक क्षेत्र नं.३ : वार्षिक वजेट तथा योजना तर्जुमा व्यवस्थापान | ११ | ८.५ |
| ४ | सूचक क्षेत्र नं.४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १०.७५ |
| ५ | सूचक क्षेत्र नं.५ : सेवा प्रवाह | १६ | १५ |
| ६ | सूचक क्षेत्र नं.६ : न्यायिक कार्यसम्पादन | ७ | ७ |
| ७ | सूचक क्षेत्र नं.७ : भौतिक पूर्वाधार | १३ | ९.५ |
| ८ | सूचक क्षेत्र नं.८ : सामाजिक समावेशीकरण | १० | १० |
| ९ | सूचक क्षेत्र नं.९ : वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ८ |
| १० | सूचक क्षेत्र नं.१० : सहकार्य र समन्वय | ६ | ६ |
| | जम्मा | १०० | ९१.७५ |

वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा

| क.स. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सूचक क्षेत्र नं.१ : योजना, वजेट तथा कार्यक्रम व्यवस्थापन | २१ | १८ |
| २ | सूचक क्षेत्र नं.२ : कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २९ | २७ |
| ३ | सूचक क्षेत्र नं.३ : लेखाङ्कन तथा प्रतिवेदन | १७ | १५ |
| ४ | सूचक क्षेत्र नं.४ : अनुगमन, मूल्याङ्कन तथा लेखा परीक्षण | १६ | १५ |
| ५ | सूचक क्षेत्र नं.५ : राजश्व व्यवस्थापन | १७ | १४ |
| | जम्मा | १०० | ८९ |

निर्णय नं. १२-प्रस्ताव नं.१२ तम्घासमा आयोजना भएको क्रिकेट खेलमा सहभागी खर्च रकम भुक्तानी दिने सम्वन्धमा छलफल गर्दा उक्त खेलमा सहभागीहरुको खर्चको विल भरपाई अनुसार रकम रु.३१,१००/ खेलकुद शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३-प्रस्ताव नं.१३ स्थानीय विदा दिने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका मगरहरुको वाक्लो वस्ती रहेको र फागुन १५ गतेका दिन मगर दिवस भव्यताकासाथ मनाउने हुँदा उक्त दिन स्थानीय विदा दिने निर्णय गरियो ।

निर्णय नं. १४-प्रस्ताव नं. १४ जुनियाँ खानेपानी आयोजनाको म्याद थप गर्ने सम्वन्धमा छलफलल गर्दा यस कार्यालय र लालीगुरास इन्जिनियरिङ्ग कन्स्ट्रक्सन सप्लार्यसविच ठेक्का सम्झौता भई दोस्रो पटक म्याद थप गर्दा समेत जोहाङ्ग जुनियाँ सडको विभिन्न खण्डमा बाटो निर्माण गर्नुपर्ने भई समयमा विजुलीका पोलहरु गाड्न समस्या भएको र विद्युतीय सामग्री साइटमा पुऱ्याउन नसकी निर्धारित समयमा काम गर्न नसकेको भनी तेस्रो पटक म्याद थपको लागि निर्माण व्यवसायीवाट निवेदन प्राप्त भएकोमा मिति २०८१/०९/२३ गतेदेखि २०८१/१२/३० गतेसम्म तेस्रो पटक म्याद थप गर्ने निर्णय गरियो ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा

| क.स. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सूचक क्षेत्र नं.१ : शासकीय प्रबन्ध | ९ | ९ |
| २ | सूचक क्षेत्र नं.२ : सङ्गठन तथा प्रशासन | ८ | ८ |
| ३ | सूचक क्षेत्र नं.३ : वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | ११ | ८.५ |
| ४ | सूचक क्षेत्र नं.४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १०.७५ |
| ५ | सूचक क्षेत्र नं.५ : सेवा प्रवाह | १६ | १५ |
| ६ | सूचक क्षेत्र नं.६ : न्यायिक कार्यसम्पादन | ७ | ७ |
| ७ | सूचक क्षेत्र नं.७ : भौतिक पूर्वाधार | १३ | ९.५ |
| ८ | सूचक क्षेत्र नं.८ : सामाजिक समावेशीकरण | १० | १० |
| ९ | सूचक क्षेत्र नं.९ : वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ८ |
| १० | सूचक क्षेत्र नं.१० : सहकार्य र समन्वय | ६ | ६ |
| | जम्मा | १०० | ९१.७५ |

वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा

| क.स. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सूचक क्षेत्र नं.१ : योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | २१ | १८ |
| २ | सूचक क्षेत्र नं.२ : कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २९ | २७ |
| ३ | सूचक क्षेत्र नं.३ : लेखाङ्कन तथा प्रतिवेदन | १७ | १५ |
| ४ | सूचक क्षेत्र नं.४ : अनुगमन, मूल्याङ्कन तथा लेखा परीक्षण | १६ | १५ |
| ५ | सूचक क्षेत्र नं.५ : राजश्व व्यवस्थापन | १७ | १४ |
| | जम्मा | १०० | ८९ |

निर्णय नं. १२-प्रस्ताव नं.१२ तम्घासमा आयोजना भएको क्रिकेट खेलमा सहभागी खर्च रकम भुक्तानी दिने सम्बन्धमा छलफल गर्दा उक्त खेलमा सहभागीहरुको खर्चको विल भरपाई अनुसार रकम रु.३१,१००/ खेलकुद शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३-प्रस्ताव नं.१३ स्थानीय विदा दिने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका मगरहरुको वाक्लो वस्ती रहेको र फागुन १५ गतेका दिन मगर दिवस भव्यताकासाथ मनाउने हुँदा उक्त दिन स्थानीय विदा दिने निर्णय गरियो ।

निर्णय नं. १४-प्रस्ताव नं. १४ जुनियाँ खानेपानी आयोजनाको म्याद थप गर्ने सम्बन्धमा छलफलल गर्दा यस कार्यालय र लालीगुरास इन्जिनियरिङ्ग कन्स्ट्रक्सन सप्लार्यसविच ठेक्का सम्झौता भई दोस्रो पटक म्याद थप गर्दा समेत जोहाङ्ग जुनियाँ सडको विभिन्न खण्डमा बाटो निर्माण गर्नुपर्ने भई समयमा विजुलीका पोलहरु गाड्न समस्या भएको र विद्युतीय सामग्री साइटमा पुन्याउन नसकी निर्धारित समयमा काम गर्न नसकेको भनी तेस्रो पटक म्याद थपको लागि निर्माण व्यवसायीबाट निवेदन प्राप्त भएकोमा मिति २०८१/०९/२३ गतेदेखि २०८१/१२/३० गतेसम्म तेस्रो पटक म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner